# चिशंखुगढी गाउँपालिका

## सेर्ना, ओखलढुंगा

# वार्षिक नीति तथा कार्यक्रम

## आ.ब. २०७५।७६

प्रमुख अतिथी महोदय,
विशिष्ट अतिथी ज्यु,
पुर्व सांसद ज्युहरु
जिल्ला समन्वय समितीका प्रमुख ज्यु,
प्रमुख जिल्ला अधिकारी ज्यु,
गाउँसभाका सदस्यज्युहरु,
अतिथीकादिर्घमा रहनुभएका जिल्ला स्थित राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्युहरु,
जिल्लास्थित कार्यालय प्रमुख तथा सुरक्षा निकाय एवम् विभिन्न कार्यालयका प्रमुख ज्यु हरु
विभिन्न गाउँस्तरिय राजनैतिक दलका प्रमुख तथा प्रतिनिधीज्युहरु
प्रध्यानन्धापक, शिक्षक महानुभावहरु
विभिन्न पेशागत संघसस्थाका प्रमुख तथा प्रतिनिधिज्यु
प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पुर्ण कर्मचारीसाथीहरु,
गैरसरकारी संस्था, महासंघ, नेपाल पत्रकार महासंघ, तथा सरकारी तथा गैरसरकारी संघसस्थाका प्रमुख तथा प्रतिनिधीज्युहरु ,एवम् स्थानिय उद्योगी, व्यापारी ज्युहरु,
महिला, बालवालिका, आदिवासी जनजाति, दलित, जेष्ठ नागरिक, अपांगसंग सम्वन्धित संघसस्थाका प्रमुख एवं प्रतिनिधीज्युहरु,
संचारकर्मी साथीहरु,
एवम् उपस्थित महानुभावहरु,

यस गाउँपालिकावाट पारित आर्थिक वर्ष २०७५/७६ को निति, योजना, कार्यक्रम तथा बजेट प्रस्तुतिकरणको उद्घघाटन समारोहमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथि, विशिष्ठ अतिथि, विषेश अतिथि, अतिथि लगायत उपस्थित सम्पुर्ण महानुभावहरुमा चिशंखुगढी गाँउपालिका परिवार तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

नेपालको संविधान, २०७२ जारी भई उक्त संविधानले व्यवस्था गरेबमोजिम देशमा संघीयता कार्यान्वयनमा आएको छ । लामो समयसम्मको आम नेपाली जनताले गरेको वलिदानीपूर्ण सङ्घर्षको जगमा सञ्चालितप्रजातान्त्रिक आन्दोलनहरु, जनयुद्ध र २०६२/०६३ को जनआन्दोलनको दिशानिर्देशअनुरुप जननिर्वाचित संविधानसभाबाट नेपाली जनताका प्रतिनिधिहरुमार्फत जारी भएको संविधानका प्रावधानहरुलाई अक्षरसः पालना गर्ने क्रममा स्थानीय तहको निर्वाचन, २०७४ सम्पन्न गरी आज हामी चिशंखुगढी गाउँपालिकामा स्थानीय सरकार हैसियतले यस गरिमामय सभामा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै खुसी भएको छु । देशलाईसंघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्दै यस चरणमा ल्याइपुऱ्याउन आफ्नो प्राणोत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु,सम्पूर्ण सहिद परिवार तथा घाइते योद्धाहरुलाई सम्मानपूर्वक स्मरण गर्न चाहन्छु ।
एकात्मक तथा केन्द्रीकृत शासन पद्धति तथा संरचनालाई बदल्दै राज्यको पुनसंरचना गर्दै गठन भएको स्थानीय सरकार मार्फत आफ्नो गाउँ आफैँ बनाउँने अभियानलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । स्थानीय तहको निर्वाचन पश्चात स्थानीय स्तरमा जनप्रतिनिधिहरुको नेतृत्वमा स्थानीय सरकार

गठन भई कार्यथालनि भएता पनि पर्याप्त जनशक्तिको, आवश्यकीय कानुन, अनुभवनको कमी जस्ता कारणले अपेक्षित उपलब्धी हासिल गर्न नसके पनि त्यस्ता समस्याहरु विस्तारै समाधान गरिदै लैजाने छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई स्थानीय तहलाई अधिकारसम्पन्न बनाउने  र समाजमा स्थायी शान्ति र समृद्धि स्थापना गर्ने ऐतिहासिक चरणको थालनी भएको छ ।कामको दायित्व स्थानीय सरकारलाई सुम्पेको भएपनि स्रोत साधनमाथिको अधिकार स्थानीय सरकारलाई कमी हुनु, पर्याप्त मात्रामा दक्ष जनशक्ति नहुनु जस्ता चुनौतिका वावजुत स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयन आएको साथै यस गाउँपालिकाले शिक्षा ऐन, सहकारी ऐन, र गाउँपालिकाको प्रशासकीय ऐन  निर्माण गरी कार्यान्वयनको चरणमा रहेको हुँदा जनताका अपेक्षा अनुकुल योजना तर्जुमा गरी क्रमश कार्यान्वयन हुँदै जाने अपेक्षा गर्न सकिन्छ ।

विकट भौगोलिक संरचना, छरिएर रहेका मानव बस्तीहरु र कमजोर आर्थिक अवस्थाका बाबजुद हामीले स्थानीय सरकार सञ्चालनको ऐतिहासिक जिम्मेवारी पाएका छौं । जातीय सामाजिक, साँस्कृतिक विविधताका बीचमा भावनात्मक एकता कायम गर्दै भौतिक विकासलाई तीव्रता दिने र जनताको अवस्थामा सकारात्मक परिवर्तन ल्याउने जिम्मेवारी र निर्दिष्ठ लक्ष्य तथा उद्देश्य पूरा गर्ने महत्वपूर्ण थलोको रुपमा यो सभालाई लिन सकिन्छ ।

**उपस्थित सम्पुर्ण महानुभावहरु,**

अव म प्रथम गाउँसभामा प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १.आर्थिक विकास

१.१कृषि तथा पशुविकास

कृषकहरु माझ विद्यमान समस्याहरुलाई  सहज पहिचान गर्न र आधुनिक प्रविधिको उपयोगको माध्यमद्धारा आफ्नो उत्पादनमा वृद्धि गरी आत्मनिर्भर गराउनको लागी  प्रवर्द्धनात्मक क्रियाकलापहरु सञ्चालन गरिने छ ।

१.२ सम्भाव्यताको आधारमा तरकारी, फलफुल, खाद्यान्न, पशुपालन र नगदेवाली पकेट क्षेत्र घोषणा गरी त्यस्ता क्षेत्रमा युवा लक्षित, व्यवसायिक खेति तथा आधुनिक कृषि प्रणालीको माध्यमवाट स्वरोजगारको अवसर सिर्जना गरिनेछ ।

१.३कृषि पेशामा आवद्ध कृषकहरुलाई कृषक समुहमा आवद्ध गराई स्वावलम्वन  सम्बन्धी क्रियाकलापमा संलग्न गराउदै कृषक सहकारी संस्थाको माध्यमवाट स्थानिय कृषि उत्पादन एवम् विक्रिका लागी कृषि बजारको सुनिश्चितता गराउन पहल गरिनेछ ।

१.४ मकै, धान तथाकोदो वालीमा उन्नत जातको विउको प्रयोगवाट उत्पादन वृद्धि गरी खाद्य सुरक्षामा सहयोग पुऱ्याइने छ ।

१..५ प्राङगारिक मलको प्रयोगलाई प्राथमिकता दिदै रासायनिक मलको प्रयोगलाई निरुत्साहित गरिदै लगिने छ ।

१.६ रोग किरा व्यवस्थापनमा आइ पि एम प्रविधिको अवलम्वन गरिने छ ।

१.७ स्थानिय स्तरमा उत्पादन गरिएका उन्नत विउको संरक्षण तथा सम्वर्धन गरी आयातित विउलाई क्रमिकरुपमा प्रतिस्थापन गरिने छ ।

१.८ व्यवसायिक पशुपालन तर्फ कृषकहरुलाई आकर्षित गर्दै लगिने छ, साथै पशुहरुमा उन्नत जातको नश्ल सुधार गर्नको लागी आवश्यक कार्यक्रम ल्याइनेछ ।

१.९कृषि वाली तथा पशुपंक्षी बिमा कार्यक्रम लाई प्रोसाहन गर्दै लगिनेछ ।

१.१० कृषि उत्पादनलाई प्रोसाहन गर्नको लागी कृषकहरुलाई सहुलियत ऋण उपलब्ध गराउनु का साथै अनुदानको व्यवस्था गर्न पहल गरिने छ ।

## २ उद्योग तथा वाणिज्य

२.१ घरेलु उद्योग व्यवसाय सञ्चालन गर्न सम्भाव्यताको अध्ययन गरी निर्वाह मुखी खेती प्रणालीलाई व्यवसायिक र आयमुलक वनाउन थप योजना वनाइने छ, साथै कृषिजन्य उद्योग सञ्चालनका निम्ती प्रोसाहन तथा अनुदानको व्यवस्था मिलाइने छ ।
२.२ सीप विकास तथा उद्यम विकास तालिम संचालन गरी उद्यमीहरुलाई उपयुक्त प्रविधि हस्तान्तरण गरी परम्परागत उद्योगको प्रर्वदन गरिने छ ।

## ३ पर्यटन

गाउँस्तरमा रहेका ऐतिहासिक स्थल कोटगढी, शिंहदेवी, रातमाटे झरना, महभिर झरना, चिसापानी गढहा खोला, झरना पिचिरिङ्ग झरना टोपा गुफाहरु लगायतका ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरुको सम्भाव्यता अध्ययन गरी पैदल मार्ग तथा पर्यटन प्रवद्धन गर्ने कार्यलाई उच्च प्राथमिकता दिइने छ ।
३.१ चिसापानी, खस्रे, गैरी लगायतका स्थानहरुलाई पर्यटकिय स्थानको रुपमा विकास गर्न आवश्यक कार्यक्रमहरु व्यवस्था गरिने छ ।

## ४ सहकारी

सहकारी ऐनको परिधिभित्र रहि गाउँक्षेत्रमा सञ्चालित सहकारी संस्थाहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागी आवश्यक व्यवस्थापनमा सहयोग गरिनेछ ।

## सामाजिक विकास

१. शिक्षा

१.१ भुकम्पको असरवाट क्षति भएका, जिर्ण अवस्थामा रहेका साथै विद्यार्थी संख्याको अनुपातमा भवन अभाव भएका विद्यालयहरुको छनौट गरी त्यस्ता स्थानहरुमा आधुनिक भवन निर्माण गर्न प्राथमिकता दिइनेछ ।

१.२ गाउँपालिका क्षेत्रमा सञ्चालित आधारभुत र मा. वि. स्तरका विद्यालयहरुमा कम्प्युटर ल्याव scicence lab , इलेक्टोनिक लाइवेरी खोली सञ्चालन गर्न र अंग्रेजी भाषाका अतिरिक्त पाठ्यक्रम व्यवस्थापन गरी कक्षा सञ्चालन गर्न प्राथमिकता दिने निति अवलम्वन गर्दै माध्यमिक स्तरमा कक्षा ९ देखी प्राविधिक विषयहरु अध्यापन गराउनको लागी आवश्यक पर्ने पुर्वाधारको तयारी गरिनुको साथै विद्यालयहरुलाई प्रगति सुचांङ्कका आधारमा प्रोसाहन तथा पुरस्कृत गर्दै लगिनेछ ।

१.३ मातृभाषा शिक्षालाई प्रोसाहन गरी अगाडि बढाउने तथा सिपमा आधारित शिक्षा निति तयार गरी कार्यान्वयन गरिनेछ ।

१.४अपांग, दलित, आदिवासी, जनजाति, सिमान्तकृत, अल्पसंख्यक, उपेक्षित वर्गका विद्यार्थीहरुलाई प्राविधिक शिक्षा प्राप्त गर्न विभिन्न प्राविधिक शिक्षालयहरुसंग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१.५ विद्यार्थीसख्या दुरी तथा आवश्यकताको आधारमा विद्यालयको स्तरउन्नती तथा समायोजन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१.६ शिक्षकको दरवन्दीमिलान सहित गुणस्तर वृद्धि गरिनेछ ।

१.७ स्थानीय प्रयास द्धारा शिक्षाको गुणस्तरमा वृद्धि गरिने छ ।

१.८ गाउँपालिकामा एक कवर्डहलको निर्माण गर्न र सबै वडाहरुमा कम्तिमा १/१ वटा खेलमैदानको निर्माण गर्नको लागी आवश्यक योजना वनाइने छ,साथै विभिन्न किसिमका खेलकुद कार्यक्रमहरु सञ्चालन गर्दै लगिने छ ।

## २. स्वास्थ्य

२.१ वडाका सबै स्वास्थ्य संस्थाहरुमा बर्थिङ्ग सेन्टर सञ्चालनका लागी आवश्यक पर्ने सबै पुर्वाधारहरु तयार गर्नका लागी लगानी गरिने छ ।

२.२ वडा तथा समुदाय स्तरमा रहेका महिला स्वास्थ्य स्वयमंसेविकाहरुका लागी क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी प्रोत्साहनका कार्यक्रम गरिने छ ।

२.३ स्वास्थ्य विमा कार्यक्रम संचालन गरिने छ ।

२.४ आम उपभोक्ताहरुको हितको लागी गाउँस्तारिय उपभोक्ता सरक्षंण मञ्च गठन गरी समय समयमा अनुगमन गरिने छ ।

२.५ गाउँपालिका स्तरमा एक अस्पताल स्थापना गर्न प्राथमिकताका साथ आवश्यक प्रक्रिया अघि वढाइने छ ।

२.६ राष्ट्रिया स्वास्थ्य निती ,२०७१ अनुरुप नागरिकहरुलाई गुणस्तरिय, सुरक्षित र प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न, स्वास्थ्य सेवालाई समुदायस्तरमा पुऱ्याई नागरिकको पहुँच अभिवृद्धि गर्न एवम् स्वास्थ्यका सुचांकहरुलाई सकरात्मक योगदान पुऱ्याउनका लागी यस क्षेत्रमा संग्लन निजी तथा गैर सरकारी क्षेत्रसंग समन्वय गरी कार्यक्रम संञ्चालन गरिनेछ ।

२.७ दरवन्दी अनुसारका स्वास्थ्यकर्मी उपलव्ध गराउन सम्वन्धित निकायसंग आवश्यक पहल गरिने छ ।

२.७ गम्भिर प्रकृतिका रोगका विरामीलाई आकस्मिक सहयोगको व्यवस्था मिलाईनेछ ।

## ३ खानेपानी तथा सरसफाई

३.१ पानीको अभाव भएकाठाउँलाई उचित तथा दिर्गकालिन योजना तयार गरी स्वच्छ खानेपानी आपुर्तिमा पहल गरिने छ, साथै गाउँका पानीको मुहान नभएका स्थान तथा भौगोलिक विकट भएका वस्तीहरुमा वर्षातको पानी संकलन साथै सम्भाव्यताको अध्ययन गरी खानेपानीको व्यवस्था गर्न उचित पहल गरिने छ ।

३.२ गाउँपालिका प्रमुख स्थानहरुमा सार्वजनिक शौचालय निर्माण गरी सञ्चालनमा ल्याइने छ ।

३.३ समस्याग्रस्त खानेपानी योजनाहरुको मर्मत तथा पुनःस्थापना गरिने छ ।

३.४ पुराना पानीका मुहानहरुलाई सुरक्षित गर्दै स्रोत संरक्षण गरिने छ ।

## ४ सस्कृति प्रवर्द्धन

४.१ गाउँक्षेत्रमा रहेका सार्वजनिक तथा ऐलानी जग्गाहरु र ऐतिहासिक तथा धार्मिक महत्वका स्थलहरुको लगत अध्यावधिक गरी सो को संरक्षण,सम्वर्द्धन र प्रवर्द्धनको व्यवस्था गरिनेछ ।

४.२ गाउस्थित विभिन्न जातजातिका सस्कार, सास्कृतिक परम्परा जर्गेना गरी प्रवर्द्धन गर्न प्रोत्साहित गरिने छ ।

## ५ लैंगिकसमानता तथा समावेशिकरण

५.१सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत भत्ता पाउने लक्षित समुहका व्यक्तिहरुको मुल अभिलेख अध्यावधिक गरी उक्त कार्यक्रमद्धारा लक्षित व्यक्तिहरुको विवरण एम आइ एस प्रणालीमा समावेश गरिने छ । साथै सामाजिक सुरक्षा भत्ता समयमै उपलब्ध गराई वैंक मार्फत भुक्तानीको लागि प्रक्रियाको शुरुवात गरिने छ ।

५.२ टोल विकास समिती तथा सामुदायिक संघ सस्थाहरुको सहयोग, समन्वय र सक्रियतामा सामुदायिक विकासका कार्यक्रम सञ्चालन गरिने छ ।

५.३ सामाजिक कुरिती, मानव वेचविखन, घरेलु हिंसालगायतका महिला विरुद्ध हुने अपराध नियन्त्रणका लागी युवा सहभागितामा सामाजिक जागरण बढाउने कार्यमा सबै सहकारी तथा गैर सहकारी संघ सस्था र स्थानिय सामुदायिक संस्थाहरुसंग सहकार्य गरिने छ ।

५.४  लैगिंक विभेदलाई न्युनिकरण गर्दै हिंसा पिडित महिलाहरुको सहयोगार्थ महिला सेवाकेन्द्र स्थापना गरिनुको साथै महिला शसक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

५.५  विभिन्न सरकारी तथा गैहसरकारी सस्थाको समन्वयमा लक्षित समुह विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिने छ ।

५.६  वालमैत्री स्थानिय शासन प्रारुपको अवधारणा बमोजिमका विभिन्न चरणहरु पुरा गरी यस गाउँलाई वालमैत्री गाउँपालिका घोषणा गरिनेछ । यस कार्यका लागी सरकारी तथा गैरसरकारी संघ सस्थाको सहयोग लिइनेछ ।

५.७  बालश्रम, बालविवाह तथा सबै प्रकारका बाल दुर्व्यवहारलाई निरुत्साहित गर्ने निती अवलम्बन गरिने छ । गाउँक्षेत्रमा नयाँ निर्माण गरिने सार्वजनिक स्थल, सरकारी भवन, अस्पताल, विद्यालयहरुलाई अपाङ्गमैत्री रुपमा निर्माण गर्न पहल गरिने छ ।

कानुनले अन्त्य गरीसकेको तर समाजमा अझै विद्यमान रहेको छुवाछुत प्रथाको अन्त्य गर्न आफ्नै घरवाट शुरुवात गर्ने घर परिवारलाई सम्मान गर्ने निति लिइने छ ।

**(ग) पुर्वाधार विकास**

**१ सडक तथा पुल**

विकासको प्रमुख पुर्वाधारको रुपमा रहेको सडक संरचनालाई गाउँका ८ वटै वडा कार्यालय तथा टोलवस्तीलाई जोडने गरी योजनावद्ध ढंगवाट क्रमागत रुपमा सडक निर्माण तथा स्तरोन्नती गर्नको लागी गाउँ यातायात गुरुयोजना तयार गरिने छ ।

१.१ गाउँ क्षेत्र भित्र रहेका सडक तथा सार्वजनिक जग्गालाई अतिक्रमण र अवरोध हुन नदिने व्यवस्था मिलाईनेछ ।

गाउँपालिका भित्र हालसम्म निर्माण भइसकेका सडकको अध्यावधिक गरी अध्यावधिक गरिएको लगत अनुसार तुलनात्मक रुपमा वढी चल्तीका सडकहरुको मर्मत संभारको लागी विशेष कोषकोव्यवस्था गर्नुका साथै सडक कालोपत्रे कार्यलाई जोड दिईनेछ ।

**६ भवन तथा सहरी विकास**

६.१ गाउँपालिका लगायत मुख्य बजारमा निर्माण गरिने भवनहरुलाई भवन मापदण्ड अनुरुप निर्माण गर्ने गराउने व्यवस्था र एकिकृत वस्ती विकासको लागी आवश्यक पुर्वाधार निर्माण गरिने छ ।

६.२  गाउँक्षेत्रमा निर्माण गरिने भवनहरुलाई भवन मापदण्ड अनुरुप निर्माण गर्ने व्यवस्था गरिनेछ ।

६.३ भौगोलिक सुचना प्रणालीद्धारा गाउँक्षेत्रका स्रोतहरुको नक्सांकन गरी गाउँपालिकाको विद्यमान भौतिक अवस्थालाई आधुनिकीकरण गर्न भु उपयोग निती तयार गरी कार्यन्वयनमा ल्याइनेछ ।

६.४  भवन निर्माण कार्यमा संलग्न कालिगढहरुलाई सुरक्षित भवन निर्माण सम्वन्धि तालिमको व्यवस्था मिलाईनेछ ।

**७  उर्जा**

७.१ हाल सम्म विद्युत सेवा पुग्न नसकेका स्थानहरुमा उच्च प्राथमिकताका साथमा केन्द्रिय विद्युत प्रसारण लाईन विस्तार गर्न गराउन पहल गरिने छ ।

७.२गाउँपालिका भित्रका सर्म्पुण टोलवस्तीहरुमा विद्युत सेवा पुऱ्याउनको विद्युत विस्तारमातिव्रता दिइनेछ ।

७.३  विद्युत सेवा नपुगेका गाउँक्षेत्रमा विद्यालय तथा सामाजिक संस्थाहरुमा अनुदानमा सौर्य उर्जा उपलव्ध गराउने व्यवस्था मिलाईने छ ।

७.४ दुधकोशी जलाशय युक्त आयोजना निर्माणको लागी नेपाल सरकारसंग आवश्यक पहल गरिने छ ।

७.५ यस गाउँपालिकाकोसार्वजनिक स्थल तथा बजार क्षेत्रका सडकहरुमा Street solar Light जडानको लागि आवश्यक पहल गरिने छ ।

## ८ सञ्चार

गाउँमा ल्याण्डलाईन टेलिफोन सुविधा पुर्‍याउन आवश्यक पहल गरिने छ । इन्टरनेट सहितको सञ्चार माध्यमहरुको विकासका लागी सम्वन्धित निकायसंग समन्वय गरिने छ ।

## ९ वातावरण र विपद् व्यवस्थापन

वन तथा भुसरंक्षण

९.१ सामुदायिक वन उपभोत्ता समुह र सरोकारवालाहरुसंगको समन्वयमा गाउँपालिका क्षेत्रको वनविनास तथा अतिक्रमणको क्रमलाई निरुत्साहित गरी वनको संरक्षण र सर्म्वद्धन सम्वन्धी क्रियाकलापहरु सञ्चालन गर्दै खाली र नांगा डाँडा पाखामा जनस्तरवाटै वृक्षरोपणको अभियान सञ्चालन गर्न प्रोसाहन गरिने छ ।

९.२ सडक निर्माणको काम संगै निर्मित सडकको दायाँवायाँ स्थानिय नागरिकको अगुवाईमा सम्वन्धित उपभोक्ताहरु पहिचान गरी अनिवार्य रुपमा स्थानिय जात अनुसारका विरुवा रोप्ने अभियानको थालनी गरी वातावरण मैत्री सडक निर्माण गरिने छ ।

९.३ भुक्षय तथा नदि कटानवाट हुने क्षतिलाई न्युनिकरण गर्नको लागी आवश्यक कृयाकलापहरु सञ्चालन गरिनेछ ।

९.४ विपद जोखिम न्यूनीकरणको लागि विपद पुर्वतयारी कार्यक्रम संचालन गरीनेछ ।

**जलाधार संरक्षण**

गाउँस्थित जालाधार क्षेत्रको पहिचान गरी जलाधार क्षेत्रको संरक्षणका लागी आवश्यक व्यवस्थापकिय कामका लागी सम्भाव्यता अध्ययन गरिनेछ ।

## ११ वातावरण व्यवस्थापन

११.१पुर्वाधार विकास कार्यक्रमवाट वातावरणमा हुन सक्ने क्षतिलाई न्युनिकरण गर्दै वातावरणिय प्रभाव मुल्याकन वा प्रारम्भिक वातावरणिय परिक्षण को प्रकृयालाई अवलम्वन गरिने छ ।

११.२ गाउँपालिका का सबै वडा हरुलाई घर भित्रको धुवा मुक्त तथा खुला दिसा मुक्त घोषणा गरिने छ ।

## १२ जलवायु परिर्वतन

गाउँपालिका तथा साझेदार निकायहरुसंगको समन्वय र सहकार्यमा जलवायु परिवर्तन अनुकुलन सम्वन्धि विभिन्न क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

## १३ फोहोरमैला व्यवस्थापन

गाउँपालिकाक्षेत्रमा उत्पन्न हुने फोहोरमैला व्यवस्थापनको लागी नागरिक र गाउँपालिका संग समझदारीमा व्यवस्थापन गर्दै लगिने छ । र प्याष्टिक जन्य सामाग्रीलाई निरुत्साहित गर्दै लगिने छ ।

## १४ जल उत्पन्न प्रकोप नियन्त्रण

गाउँक्षेत्रका नदिनालामा तटवन्ध तथा पहिरो नियन्त्रणको लागी प्रस्ताव तयार गरी सरोकारवाला निकायसंग सहकार्य गरिनेछ ।

## १५ विपद व्यवस्थापन

गाउँस्तरिय विपद व्यवस्थापन समिती गठन गरी क्रियाशिल गराईनेछ ।

सरोकारवाला निकायसंगको साझेदारीमा प्राकृतिक विपद पुर्व, विपदको समय र विपद् पश्चात सञ्चालन गरिनुपर्ने क्रियाकलापहरुको बारेमा विभिन्न अन्तरक्रिया एवम् चेतनामुलक क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

## १६ सस्थागत विकास तथा सेवा प्रवाह

मानव संसाधन विकास

गाउँपालिकालाई प्राप्तहुने आन्तरिक स्रोत र संघवाट प्राप्त निर्शत अनुदानको आधारमा गाउँपालिका कार्यालय र वडा कार्यालयहरुको लागी आवश्यक पर्ने स्विकृती दरवन्दी अनुसारको जनशक्ति व्यवस्थापनको लागी आवश्यक व्यवस्था मिलाईनेछ ।

## १७ सस्थागत क्षमता विकास

गाउँकार्यपालिकाको कार्यालय र वडा कार्यालयका पदाधिकारी र कर्मचारीहरुको दक्षता र क्षमता अभिवृद्धिका लागी क्षमता विकास योजना तयार गरी समयसापेक्ष रुपमा विभिन्न तालिम, गोष्ठी र अवलोकन भ्रमणको आयोजना गरिने छ ।

## १८ संस्थागत पुर्वाधार

वडा कार्यालय भवन नभएको वा भइरहेको वडा कार्यालय भवन जिर्ण भएको, स्थानमा वडा कार्यालय निर्माणको लागी प्राथमिकताको साथमा बजेट उपलव्ध गराई नयाँ भवन निर्माण गर्न र सम्भार गर्नुपर्ने वडा कार्यालयहरु तत्काल मर्मत सम्भार गरी वडा कार्यालयवाट व्यवस्थित रुपमा सेवा प्रदान गर्न प्राथमिकता दिइनेछ र गाउँपालिका भवन निर्माण गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

## १९ नागरिक वडा पत्र

गाउँकार्यपालिका तथा वडा कार्यालयवाट प्राप्त हुने वस्तु तथा सेवा, प्राप्त गर्ने प्रक्रिया, सेवा लिनका लागी लाग्ने समय र दस्तुर सम्वन्धी जानकारी सहितको नागरिक वडापत्रलाई अध्यावधिक गरी गाउँकार्यपालिका तथा वडा कार्यालयमा राख्ने व्यवस्था मिलाईने छ ।

## २० सेवा प्रवाहका मापदण्ड निर्धारण

२०.१ गाउँकार्यपालिकाको कार्यालय र वडा कार्यालयवाट प्रवाह हुने सेवालाई थप नियमित र गुणस्तरिय रुपमा प्रवाह गरिने छ ।

२०.२ गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुवाट उपलव्ध गराइने सिफारिस लगायतका सेवा र सुचनालाई क्रमशः विद्युतिय उपकरण र सुचना प्रविधिको माध्यमवाट उपलव्ध गराउने व्यवस्था गरिनेछ ।

## वित्तिय व्यवस्थापन तथा सुशासन

राजश्व परिचालन

गाउँपालिकाको आन्तरिक स्रोत वृद्धि गरी गाउँपालिकालाई आर्थिक रुपमा सवलिकरण गराउनको लागी राजश्व परार्मश समितीबाट प्राप्त सिफारिसको आधारमा समय सापेक्ष रुपमा शुल्क, सेवा शुल्क, कर तथा दस्तुरहरुको दरमा पुनरालोकन गरी गाउँपालिकाको आय वृद्धि गरिने छ ।

गाउँपालिकाले लगाउन सक्ने कर दस्तुरको दायरा एवम् कर, दस्तुर, शुल्क तथा सेवा शुल्कको वारेमा सुसुचित गरी असुलीप्रक्रियाको वारेमा जानकारी दिई उत्प्रेरित गराउन करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।

## वित्तिय जोखिम न्युनिकरण

छिटो प्रतिफल प्राप्त हुने वढिभन्दा वढि जनसहभागितामा सम्पन्न हुने र स्थानिय स्रोत, साधन, सिप र प्रविधिको प्रयोग हुने कार्यक्रमलाई प्राथमिकता दिने नीति अवलम्वन गरिनेछ ।

**सार्वजनिक सुनुवाई/सामाजिक परिक्षण/आन्तरिक तथा अन्तिम लेखा परिक्षण**

वडा तथा गाउँकार्यपालिकाको कार्यालयद्धारा सम्पादित कार्यहरुको जानकारी र गुणस्तर मापनका लागी प्रत्येक चौमासिक अवधिमा कम्तीमा एक पटकमा नघटने गरी सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण कार्यक्रमको आयोजना गर्नुका साथै आन्तरिक लेखा परिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखा परिक्षण तथा वेरुजु फछ्यौट व्यवस्थित गरी कार्यान्वयनमा ल्याइनेछ ।

**सुचना तथा संचार व्यवस्थापन**

गाउँकार्यपालिकाको प्रवक्ता मार्फत गाउँ कार्यपालिकाले सम्पादन गरेका कार्य वा निर्णयहरु सार्वजनिक जानकारीमा ल्याउने व्यवस्था गरिनेछ ।

चालु आर्थिक वर्षमै गाउँकार्यपालिकाको वेभ साइट निर्माण गरी गाउँपालिका सम्वन्धित सम्पुर्ण सुचनाहरु सोही साइट मार्फत उपलव्ध गराउने व्यवस्था गरिने छ ।

प्रमुख प्रशासकीय अधिकृतले तोकेको सुचना अधिकारी मार्फत गाउँकार्यपालिकाको कार्यालयसंग सम्वन्धित सुचना सरोकारवालालाई उपलव्ध गराउने व्यवस्था मिलाईने छ ।

गाउँपालिकाको वार्षिक प्रगति पुस्तिका र वार्षिक योजना पुस्तिकाको प्रकाशन गरी सार्वजनिक गरिनेछ ।
व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता पाउने लाभग्राहीहरुको नाम मुल अभिलेख व्यवस्थापनको कार्य अनलाईनको माध्यमवाट गरिनेछ ।

यो नीती तथा कार्यक्रम तयार गर्न महत्वपूर्ण भूमिका खेल्नुहुने गाउँपालिकाको उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्य तथा यस सभाका सदस्यज्यूहरु, गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायतका शिक्षक वुद्धिजिवी तथा सम्पूर्ण कर्मचारी महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । यस नीति तथा कार्यक्रमलाई आ-आफ्नो क्षेत्रमा कार्यान्वयन गर्न सम्पूर्ण जनसमुदाय तथा नागरिक समाजप्रति हार्दिक अनुरोध गर्दै सहयोगका लागि धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

२०७८।३।१०

निशान्त शर्मा
(अध्यक्ष)
चिशंखुगढी गाँउपालिका